# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र


अंक ६

कोभिड-१९ महामारीको अवस्थामा बालबालिकाको सिकाइ सुनिश्चित गर्न एनसिई नेपालले स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग नियमित बहस, अन्तरक्रिया, नीतिगत छलफल तथा पैरवीमूलक कार्य गर्दै आएको छ । अनुसन्धान र तथ्यमा आधारित यस्ता छलफल तथा बहस कार्यक्रमले शिक्षक समुदाय, अभिभावक, नागरिक सङ्गठन लगायत तीन तहका सरकारलाई अहिलेको विषम परिस्थितिमा बालबालिकाको सिकाइलाई कसरी सुनिश्चित गर्न सकिन्छ र तिनीहरूलाई निरन्तर सिकाइ प्रक्रियामा जोड्न के कस्तो पहल आवश्यक छ भन्ने बारे रचनात्मक सुझाव प्रदान गर्दै आएको छ । हाल विभिन्न स्थानीय निकायहरूमा कोरोना महामारीको अवस्था हेरी विद्यालयहरू खुल्ने तथा पठनपाठनहरू सुचारू हुने अवस्थामा एनसिई नेपालले सुरक्षित तथा संरक्षित वातावरणमा सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्न पाउनु पर्दछ भन्ने बारेमा निरन्तर वकालत गरिरहेको छ । एनसिई नेपाल र यसका सदस्य संस्थाद्वारा कोभिड-१९ महामारी बिच शिक्षा अधिकार सुनिश्चितताका निमित्त सम्पन्न भएका विभिन्न क्रियाकलाप सहित समाचारपत्रको यो छैटौं अङ्क हो ।

यस अवधिमा एनसिई नेपालले लैङ्गिक न्यायका लागि सङ्घीय संसदहरूको समुहको सहकार्यमा विद्यालयमा हुने यौन हिंसाका विरूद्धमा शैक्षिक अभियान संचालन गर्ने उद्देश्यले सरोकारवालाहरूको सुझाव संकलन गर्न बैठक आयोजना गरेको छ । साथै एनसिई नेपालका सदस्य संस्थाहरूद्वारा विद्यालय पुनः सञ्चालन, बालबालिकाको शिक्षा अधिकार र स्थानीय बालमैत्री शासनलाई जोडेर विभिन्न अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम आयोजना भएका छन् । विशेषगरी एनसिई नेपालले यस अवधिमा स्थानीय शिक्षा नीतिहरूको विश्लेषण, शिक्षामा लगानी, कोरोना महामारीको विचमा सार्वजनिक विद्यालयका राम्रा अभ्यास, प्रौढ सिकाइ र शिक्षाको दृष्टिकोणबाट स्वैच्छिक राष्ट्रिय समीक्षा जस्ता विषयमा अध्ययन, अनुसन्धान गरी विश्लेषणात्मक प्रतिवेदन प्रकाशन गरेको छ । यस बिच एनसिई नेपालले शिक्षामा रहेका असमानताका मुद्दाहरूलाई जोड्दै विश्वव्यापी असमानता विरूद्धको अभियानमा पनि आफ्नो सहभागिता तथा ऐक्यबद्धता जनाएको छ ।

## विद्यालयमा हुने लैङ्गिक हिंसा अन्त्य गर्न सरोकारवालाको भूमिका

विभिन्न अध्ययन र अनुसन्धानले देखाए अनुसार नेपालका विद्यालयहरूमा शारीरिक, मानसिक तथा मनोसामाजिक हिंसाका घटनाहरू घट्ने गरेका छन् । लैगिंक हिंसाको कारणले बालबालिकाहरू, त्यसमा पनि बालिकाहरूले विचमै विद्यालय छोड्न बाध्य हुने गरेका छन् । यसै सन्दर्भमा विद्यालयमा हुने लैगिंक हिंसा विरूद्ध शैक्षिक अभियान संचालन गर्ने उद्देश्यले संभावित रणनीतिहरूको बारेमा छलफल गर्न एनसिई नेपाल र लैगिंक न्यायका लागि सङ्घीय संसदहरूको समुहद्वारा सङ्घीय संसदका सदस्यहरू, स्थानीय सरकारका प्रतिनिधि, शिक्षक तथा नागरिक सङ्गठनका प्रतिनिधि बिच अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।




*सहभागीहरु कार्यक्रममा छलफल गर्दै*

विद्यालयमा लैङ्गिक हिंसा विरुद्धको शैक्षिक अभियान चलाउनु अत्यावश्यक रहेको ठहर गरिएको उक्त कार्यक्रममा सहभागीहरूले स्थानीय तहका प्रत्येक वडामा लैङ्गिक सवालको विषयमा प्रशिक्षित एकजना परामर्शदाता नियुक्त गर्न सुझाव दिएका थिए । सहभागीहरूले स्थानीय सरकारले प्रभावकारी योजना र कार्यक्रमहरू लागु गर्नुपर्ने, विद्यालयमा लैगिंक हिंसा विरूद्धको बडापत्र र गुनासो सुनुवाइ संयन्त्र स्थापना हुनुपर्ने, विद्यार्थीहरूलाई लैङ्गिक हिंसा सम्बन्धी कानुन, नीति र नियममा अभिमुखीकरण गर्नुपर्ने बताएका थिए । सहभागीहरूले हरेक विद्यालयमा महिला शिक्षकहरूको व्यवस्थाका साथै अतिरिक्त क्रियाकलापमा छात्राहरूको समान सहभागिता सुनिश्चितता गर्नुपर्ने कुरा राखेका थिए । साथै यौन हिंसाबाट पीडित बालबालिकालाई उचित परामर्श र पर्याप्त सहयोग प्रदान गरिनु पर्ने सुझाव पनि सहभागीहरूले उक्त कार्यक्रममा दिएका थिए । कार्यक्रम पश्चात् सङ्घीय संसदका सदस्यहरू तथा नागरिक समाजका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा सुरक्षित शिक्षण सिकाइका निमित्त निरन्तर अभियान अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

## असमानता विरुद्धको विश्वव्यापी अभियानमा ऐक्यबद्धता




*अपाङ्ग बालबालिकाको शिक्षामा समान पहुँचबारे जानकारीमूलक पोष्ट*

२०२१ जनवरी महिनामा विश्वभर मनाइएको असमानता विरूद्धको अभियानमा एनसिई नेपालले शिक्षामा विद्यमान असमानतालाई उजागर गर्दै शिक्षामा सबै प्रकारका असमानताका अन्त्य हुनुपर्ने माग गरेको थियो । नेपालको सार्वजनिक शिक्षामा रहेको लैङ्गिक र सामाजिक असमानता उजागर गर्ने विभिन्न तथ्य तथा सूचनाहरूलाई अभियान अवधिभर जानकारी मूलक पोष्टहरू तयार पारी एनसिई नेपालले आफ्नो फेसबुक, ट्विटर र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल मार्फत प्रेसित गरेको छ ।

उक्त सन्देश मूलक पोष्टहरू तलको लिङ्क मार्फत हेर्न सकिन्छ ।
https://drive.google.com/drive/folders/18vC_82Vc7pxv5vvHxmLEQo_G2tkVxLHf?usp=sharing

## प्रदेश, जिल्ला र स्थानीय तहमा एनसिईका पैरवी मूलक कार्यहरु

### विद्यालय पुन: संचालन सम्बन्धी अभियान

एनसिई नेपालका जिल्ला समन्वय समिति धनुषाको संयोजक संस्था पिपुल्स प्रमोट सेन्टर धनुषाद्वारा कोरोना महामारीका कारणबाट विद्यालय जानबाट बञ्चित बालबालिकालाई पुनः विद्यालय पठाउनका निमित्त जनचेतना फैलाउने उद्देश्यले एक कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा जनकपुर उपमहानगरपालिकाका मेयर लालकिशोर शाहले अहिलेको अवस्थामा सुरक्षाका उपायहरू अपनाउँदै आफ्ना बालबालिकाहरूलाई सार्वजनिक विद्यालयमा भर्ना गराउन अभिभावकलाई आग्रह गर्नुभएको थियो । सार्वजनिक विद्यालयको गुणस्तर सुधार गर्न स्थानीय सरकारले आवश्यक पहल गर्ने कुरामा उहाँले जोड दिनुभएको थियो । संविधानले शिक्षा निःशुल्क गरेता पनि निम्न वर्ग तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच अझै नपुगेको हुनाले स्थानीय सरकारले त्यस्ता बालबालिकालाई उनीहरूको शिक्षा अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याउने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभएको थियो ।


बालबालिकालाई विद्यालय पठाउनुस्:मेयर साह

*कार्यक्रमबारे स्थानीय पत्रिकामा छापिएको लेख*

## बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम

बालमैत्री स्थानीय शासन अवधारणाका २७ वटा सूचकहरूलाई विद्यालयहरूमा उचित कार्यान्वयन गरि विद्यालयको सुशासन प्रवर्द्धन गर्न र विद्यालयको शासन प्रणालीमा बालबालिकाहरूको सहभागिता बढाउने उद्देश्यले एनसिई नेपाल सदस्य संस्था आर.सी.डी.सी. लमजुङ्ग र एनसिई नेपाल जिल्ला समन्वय समिति लमजुङ्गले बेसिसहर नगरपालिकाका विद्यालय र वडा तहमा शिक्षक, बालबालिका र अभिभावकहरूका लागि अभिमुखीकरण कार्यक्रमहरु आयोजना गरेको छ । उक्त अभिमुखीकरण कार्यक्रमले स्थानीय सरकारहरू र विद्यालयहरूलाई बालमैत्री शासन सम्बन्धी विषयहरू र बालबालिकाहरूको शिक्षा अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने कार्य गरेको छ ।

## दोलखामा विद्यालय पुन: सञ्चालन अभियान



*कार्यक्रममा सहभागीहरु विद्यालय पुनः सञ्चालनबारे छलफल गर्दै*

कोभिड १९ को महामारीका कारण लामो समय देखि बन्द भएका विद्यालय पुनः सञ्चालन गर्ने र बालबालिकाहरूको सिकाई निरन्तरतालाई सुनिश्चित गर्ने उद्देश्यले एनसिई नेपाल दोलखा समन्वय समितिले जिल्ला सदस्य संस्थाहरूको सहयोग र साझेदारीमा अभियान संचालन गरेको छ । अभियानले विद्यालय पुनः संचालन गर्दा विद्यालयमा स्वास्थ्य तथा सुरक्षाको मापदण्डलाई ख्याल गर्नुपर्ने, कक्षा कोठामा पठन पाठन गर्दा भौतिक दूरी कायम हुनुपर्ने र सरसफाइ सम्बन्धी सामानको उचित व्यवस्थापन हुनुपर्ने जस्ता सवाललाई उठाएको छ । कार्यक्रममा सहभागीहरूले विद्यालय सुरक्षित रूपमा सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्ने कुरामा विद्यालय व्यवस्थापन समितिलाई जवाफदेही र उत्तरदायी बनाउनुपर्ने र विद्यालयमा दिवा खाजाको उचित व्यवस्थापन हुनुपर्ने कुरामा जोड दिएका थिए ।

उक्त कार्यक्रममा कालिञ्चोक गाउँपालिकाका उपाध्यक्ष कमला पाठकले स्थानीय तहद्वारा विद्यालय संचालन गर्दा स्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गर्ने, स्थानीय तहका शिक्षा शाखाद्वारा विद्यालयहरुले सुरक्षाका मापदण्ड पालना गरे नगरेको अनुगमन गरिने र विद्यालयमा निरन्तर सिकाइ कायम राख्न कार्ययोजना तयार गरिने बताउनु भएको थियो । साथै उहाँले स्थानीय तहले सार्वजनिक शिक्षालाई सबल बनाउन स्थानीय भाषामा पाठ्यक्रम तयार गरिने र विद्यार्थीको अनुपातमा पर्याप्त शिक्षकहरू विद्यालयमा व्यवस्थित गरिने कुरा समेत उल्लेख गनुभएको थियो । कार्यक्रमले विद्यालयहरू संचालन गर्नुपूर्व र संचालन गरिसकेपछि सुरक्षा, सरसफाइ र बालबालिकाको मनोसामाजिक परिस्थितिमा विशेष ध्यान दिनुपर्ने कुरामा शिक्षक, प्रधानाध्यापक, स्थानीय सरकार तथा नागरिक समाजका सहभागीहरूको ध्यानाकर्षण गरेको थियो ।

## बालबालिकालाई शिक्षामा जोड्न नागरिक अभियान




*पर्सामा अपाङ्ग बालबालिकालाई सरसफाई सम्बन्धी सामग्री वितरण*


बालबालिकालाई शिक्षामा जोड्न एनसिई नेपाल जिल्ला समन्वय समिति पाल्पाको संयोजक सदस्य संस्था पछौटेपन उन्मूलन समाज (बेस नेपाल) पाल्पा र एनसिई नेपाल जिल्ला समन्वय समिति पर्साको संयोजक संस्था सामाजिक संस्था जिल्ला समन्वय समिति (एसओडीसीसी) पर्साले विद्यार्थीहरूका लागि नियमित रेडियो कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । साथै एनजिओसीसी पर्साले अपाङ्ग बालबालिकाहरू अध्ययनरत पर्साका पाँच विद्यालयमा ती विद्यार्थीहरूको सिकाइमा जोड दिन शैक्षिक सामग्री र सरसफाइ किटहरु पनि वितरण गरेको छ ।

यसका साथै कोभिड महामारी बिच पठनपाठन गर्दा विद्यालयमा उचित सरसफाइ र स्वच्छता कायम गर्न आवश्यक सुविधाहरू सुनिश्चित हुनुपर्ने कुरामा जोड दिँदै एनसिई नेपाल सदस्य जिल्ला समन्वय समिति सुर्खेतको संयोजक संस्था सुन्दर नेपालले सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाका १८ सार्वजनिक विद्यालयका प्रधानाध्यापकहरूलाई अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ ।

# एनसिई नेपालका अनुसन्धान र प्रकाशनहरु

एनसिई नेपालद्वारा गरिएका अनुसन्धान कार्य, नीति विश्लेषण र अनुगमनका प्रतिवेदनहरू प्रकाशन भएका छन् ।


## १. शिक्षामा लगानी : सार्वजनिक वितमा नवीन दृष्टिकोण




संविधान बमोजिम निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो । सार्वजनिक शिक्षामा भएको घट्दो लगानी र भएको बजेटको समेत उचित उपयोग नहुने सन्दर्भमा शिक्षामा लगानीको अवस्था र लगानी वृद्धिका विकल्प तथा सम्भावनाको विषयमा अध्ययन प्रतिवेदन एनसिई नेपालले प्रकाशन गरेको छ । उक्त अध्ययनले प्रत्येक स्थानीय तहमा शिक्षा कोष बनाउन सकिने, कर छली तथा कर चुहावट न्यूनीकरण गरी आन्तरिक राजश्वमा वृद्धि गर्न सकिने, प्रगतिशील कर सम्बन्धी नीतिहरु ल्याई स्थानीय स्रोत साधनको उच्चतम उपयोग गर्नुपर्ने लगायतका विषयहरू उल्लेख गरेको छ ।

उक्त प्रकाशन तलको लिङ्क मार्फत पढ्न र डाउनलोड गर्न सकिन्छ ।
https://drive.google.com/file/d/1BBBBNGbxtz1LjX75C8FVVHwHweKUWpMA/view?usp=sharing


## २. स्थानीय सरकारको शिक्षा नीतिहरूको विश्लेषण




स्थानीय सरकारले निर्माण गरेका विद्यमान शिक्षा सम्वन्धी नीतिहरूको समीक्षा र विश्लेषण गरी स्थानीय सरकारलाई संविधानतः सुनिश्चित गरिएको सबैका लागि शिक्षा अधिकारको सुनिश्चितताका निमित्त आवश्यक नीतिगत सुझावहरू प्रदान गर्नका निमित्त एनसिईले केही शिक्षा नीतिहरूको अध्ययन गरेको छ । नेपालका ७ प्रदेश अन्तर्गतका ३५ वटा स्थानीय तहको शिक्षा नीतिलाई विश्लेषण गरिएको उक्त अध्ययनमा समानता, लगानी, पहुँच, गुणस्तर, जीवनोपयोगी शिक्षा, स्थानीय तहका शिक्षाका दूरदृष्टि र यसको दिगो विकास लक्ष्यसँगको तादात्म्यता लगायतका विषयहरूमा भएको असल अभ्यास तथा सुधारयोग्य पक्षहरूलाई उजागर गरिएको छ ।

उक्त प्रकाशन तलको लिङ्क मार्फत पढ्न र डाउनलोड गर्न सकिन्छ ।
https://drive.google.com/file/d/1qsCuG_2FZX_rj8GDtNuhr9M8aC6Enc6s/view?usp=sharing

## ३. स्थानीय सरकारका शिक्षा बजेट र खर्च विश्लेषण





शिक्षा क्षेत्रमा भएको आर्थिक सक्षमता, प्रभावकारिता, समता र पर्याप्तताको लागि विगतमा हुँदै आएको खर्चको अनुगमन गर्दै यो आर्थिक वर्षमा शिक्षामा छुट्याइएको बजेटलाई एनसिई नेपालले अध्ययन तथा विश्लेषण गरी प्रकाशन गरेको छ । नेपालभरका ७२७ स्थानीय सरकारका शिक्षा बजेट र खर्च विश्लेषण गरिएको उक्त प्रतिवेदनले शिक्षा क्षेत्रमा ज्यादै न्यून रकम विनियोजन गरिएको र विनियोजित रकमले समेत समता सुनिश्चित गर्न नसक्ने कुरामा जोड दिएको छ ।

उक्त प्रकाशन तलको लिङ्क मार्फत पढ्न र डाउनलोड गर्न सकिन्छ ।

https://drive.google.com/file/d/1A0Qv9oJAnubHl0pB8kXbbH73zOZ5P2Zi/view?usp=sharing

## ४. सफल विद्यालयका असल अभ्यास

विभिन्न भौतिक, आर्थिक, सामाजिक तथा अन्य चुनौतीहरूका बावजुद पनि नेपालका केही सार्वजनिक विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् । विद्यालयहरूले अपनाएका विभिन्न रणनीतिहरू तथा सफलताका अभ्यासहरूले अन्य सार्वजनिक विद्यालयहरूलाई पनि गुणस्तरीय तथा समतामूलक शिक्षा प्रदान गर्न प्रेरणा हुने अवधारणा सहित एनसिई नेपालले नेपालका सात प्रदेशमा अवस्थित सात




सार्वजनिक विद्यालयहरूको अध्ययन गरी प्रतिवेदन प्रकाशन गरेको छ । उक्त अध्ययनले सार्वजनिक विद्यालय सफल हुनका निमित्त सामुदायिक अपनत्व, सहयोग र सहकार्य, लगानी, कुशल नेतृत्व तथा सुशासन प्रमुख रहेको दर्शाएको छ । प्रतिवेदनमा अन्य विद्यालयहरूले समेत अपनाउन सक्ने विभिन्न रणनीतिहरू समेत उल्लेख गरी स्थानीय सरकारलाई सार्वजनिक विद्यालय सबलीकरण र प्रवर्धनमा जोड दिन आग्रह गरिएको छ ।


उक्त प्रकाशन तलको लिङ्क मार्फत पढ्न र डाउनलोड गर्न सकिन्छ ।

https://drive.google.com/file/d/1ITrj6kb0l763P4MVcUIxjIlBICCefZCO/view?usp=sharing

## ५. अबिड्जान सिद्धान्तहरु -नेपाली अनुवाद

सबैका निमित्त निःशुल्क तथा गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गर्नु र शिक्षामा निजी संलग्नतालाई नियमन गर्नु राज्यको दायित्व हो भनी अबिड्जान सिद्धान्तले परिभाषित गरेको छ । एनसिई नेपालले यस सिद्धान्तको कार्यान्वयनको लागि राष्ट्रिय र समुदाय स्तरमा समेत काम गरिरहेको छ । यसै सन्दर्भमा अबिड्जान सिद्धान्तहरूलाई स्थानीयकरण गर्न र यसको बारेमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले एनसिई नेपालले सो सिद्धान्तहरूको नेपाली अनुवाद तयार गरेको छ ।

उक्त प्रकाशन तलको लिङ्क मार्फत पढ्न र डाउनलोड गर्न सकिन्छ ।





https://drive.google.com/file/d/12Vbl-nF7r5ySbqKGiiHJ5sz9hrqSvxGY/view?usp=sharing

## ६. प्रौढ सिकाइ र शिक्षाको दृष्टिकोणबाट स्वैच्छिक राष्ट्रिय समीक्षा

एनसिई नेपालले स्वैच्छिक राष्ट्रिय समीक्षा २०२० लाई प्रौढ सिकाइ शिक्षाको दृष्टिकोणबाट अध्ययन गरी प्रकाशन गरेको छ । सबैको लागि शिक्षाको अभिन्न पाटो रहेको प्रौढ सिकाई र शिक्षालाई स्वैच्छिक राष्ट्रिय समीक्षा २०२० ले कसरी समेटेको छ र त्यसमा समावेश नभएका विषयहरूलाई उजागर गरेको उक्त प्रतिवेदनले जीवनोपयोगी र प्रौढ शिक्षा हालसम्म पनि नेपालमा प्राथमिकताको विषयमा नरहेको दर्शाएको छ । यस समीक्षाबाट प्राप्त निष्कर्ष र सिफारिसहरु एनसिई नेपाल र यसका साझेदार संस्थाहरूले विभिन्न छलफल र फोरमहरूमा वकालतको लागि प्रयोग गर्दै आएका छन् ।

यस प्रतिवेदनले शिक्षा, सिप र सशक्तीकरणबाट पछाडि परेका र पारिएका वर्गहरूको प्रौढ सिकाइ र शिक्षाको साथै




जीवन पर्यन्त सिकाइ अवसरको लागि पनि वकालतको लागि प्राथमिकता दिएको छ । कोभिड १९ महामारीको परिप्रेक्षमा प्रतिवेदनलाई वकालतको लागि प्रयोग गर्नुको साथै प्रौढ सिकाइ र शिक्षा मार्फत दिगो विकास लक्ष्य २०३० प्राप्त गर्न सहयोग पुऱ्याउने यस प्रतिवेदनले देखाएको छ ।

उक्त प्रकाशन तलको लिङ्क मार्फत पढ्न र डाउनलोड गर्न सकिन्छ ।
https://drive.google.com/file/d/1gcUsbMXYZmmJ7sw6Gl10DZUm-Ky0LtSP/view?usp=sharing

NCE NEPAL
शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np